बोलपत्र फाराम नं :

मूल्य रु. ५,०००/- (फिर्ता नहुने)

# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
## प्रधान कार्यालय,
## काठमाडौं ।

# प्लाष्टिक बोरा खरिदको बोलपत्र कागजात

## आ.व. २०८३/०८४

# बिषय सूची


१. बोलपत्र फाराम

२. बोलपत्र सम्बन्धी जानकारी

३. सम्झौता फाराम (नमूना)

४. बोलपत्र सूचना

५. अनुसूची (बोराको स्पेसिफिकेशन) -१

६. अनुसूची (बोराको डिजाइन) - २

७. घोषणापत्र

# बोलपत्र फाराम (Tender Form)

श्री खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
प्रधान कार्यालय,
भद्रकाली प्लाजा, काठमाडौं ।

१। त्यस कम्पनीबाट मिति २०८३।०६।२० गते प्रकाशित प्लास्टिक बोरा खरिद सम्वन्धी सूचना मैले/हामीले अध्ययन गरे/गयौं ।म/हामी त्यस कम्पनीलाई निम्न विवरणमा उल्लेख भए अनुसारका नयाँ प्लास्टिक बोरा विक्री गर्न मञ्जुर भएकोले यो बोलपत्र फाराम पेश गरेको छु/छौं ।

| क्र. सं. | बोरा बुझाउने कार्यालयको नाम | बोराको प्रकार (किसिम) | खरिद गरिने बोराको परिमाण थान | कुल जम्मा परिमाण १५८८०० थान बोराको लागि एकमुष्ट कबोल दर भ्याट सहित ने. रु. | |
|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा |
| १. | प्रादेशिक कार्यालय, जनकपुर | अरुवा सोना मन्सुली चामलको बोरा (२५ के.जी. भर्ति क्षमताको) | ३०,००० | | |
| | | सादा बोरा (२५ के.जी. भर्ति क्षमताको) | २५,०० | | |
| | | सादा बोरा (५० के.जी. भर्ति क्षमताको) | १०,००० | | |
| २. | प्रादेशिक कार्यालय, सुर्खेत | अरुवा मोटा (२५ के.जी. भर्ति क्षमताको) | ११,५०० | | |
| | | अरुवा सोना (२५ के.जी. भर्ति क्षमताको) | ७,७५० | | |
| | | अरुवा मध्यम (२५ के.जी. भर्ति क्षमताको) | ८,४०० | | |
| | | स्टिम जिरा (२५ के.जी. भर्ति क्षमताको) | ८,६५० | | |
| ३. | मुख्य शाखा कार्यालय राजापुर | अरुवा मोटा (२५ के.जी. भर्ति क्षमताको) | ६०,००० | | |
| | | अरुवा मध्यम (२५ के.जी. भर्ति क्षमताको) | ७,००० | | |
| | | सादा बोरा (२५ के.जी. भर्ति क्षमताको) | १३,००० | | |
| | | सादा बोरा (५० के.जी. भर्ति क्षमताको) | ८,००० | | |
| | कुल जम्मा परिमाण थान | | १५८८०० | | |

२. मैले/हामीले बोलपत्र सम्बन्धी कागजात अध्ययन गरे/गर्‍यौं। यसमा उल्लेखित सबै शर्तहरु म/हामीलाई स्वीकार्य छन् ।

३. बोलत्रपत्र जमानत वापत श्री ..........................................................बैंक ................................................ मा रु............................................................. जम्मा गरेको सक्कल भौचर / श्री...................................... बैंक .................................... ले श्री खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, प्रधान कार्यालय, काठमाडौंको नाममा मिति ......................मा जारी गरेको नं....................................को रु. ................................................ को बैंक ग्यारेन्टी पत्र (Bid Bond) संलग्न गरेको छु/छौं ।

बोलपत्र साथ पेश गरेका कागजात विवरण

१)

२)

३)

४)

५)

बोलपत्रदाताको दस्तखत :

बोलपत्रदाताको नाम :

ठेगाना :

प्रोप्राईटर/प्रतिनिधी :

मिति :

फोनं.नं :

इमेल :

पत्राचार गर्ने ठेगाना :

# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि.
## प्रधान कार्यालय काठमाडौं

**बोलपत्र सम्बन्धी जानकारी**

१. खरीद हुने बोराको किसिम, परिमाण र बुझाउनु पर्ने स्थान :-

(क) कम्पनीले खरिद गर्ने नयाँ प्लाष्टिक बोराको किसिम, क्षमता, बुझाउनु पर्ने कार्यालय र परिमाण आदि निम्न तालिकामा तोकिए बमोजिम हुनेछ। सबै बोरा प्रयोगमा नआएका नयां हुनु पर्नेछ।

| क्र. सं. | बोरा बुझाउने कार्यालयको नाम | बोराको प्रकार (किसिम) | खरिद गरिने बोराको परिमाण थान | धरौटी रकम (रु.) | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १. | प्रादेशिक कार्यालय, जनकपुर | अरुवा सोना मन्सुली चामलको बोरा (२५ के.जी. क्षमताको) | ३०,००० | १३३००० | ५०००/- |
| | | सादा बोरा (२५ के.जी. क्षमताको) | २५,०० | | |
| | | सादा बोरा (५० के.जी. क्षमताको) | १०,००० | | |
| २. | प्रादेशिक कार्यालय, सुर्खेत | अरुवा मोटा (२५ के.जी. क्षमताको) | ११,५०० | | |
| | | अरुवा सोना (२५ के.जी. क्षमताको) | ७,७५० | | |
| | | अरुवा मध्यम (२५ के.जी. क्षमताको) | ८,४०० | | |
| | | स्टिम जिरा (२५ के.जी. क्षमताको) | ८,६५० | | |
| ३. | मुख्य शाखा कार्यालय राजापुर | अरुवा मोटा (२५ के.जी. क्षमताको) | ६०,००० | | |
| | | अरुवा मध्यम (२५ के.जी. क्षमताको) | ७,००० | | |
| | | सादा बोरा (२५ के.जी. क्षमताको) | १३,००० | | |
| | | सादा बोरा (५० के.जी. क्षमताको) | ८,००० | | |
| कुल जम्मा परिमाण (थान) | | | १,५८,८००/- | १,३३,०००/- | ५,०००/- |

(ख) कम्पनीको आवश्यकता हेरी कार्यालयमा वुझाउन माथि तोकिएको परिमाणमा थपघट गर्न सकिने छ ।

२. कबोल गर्न पाइने बोरा परिमाण :-

उल्लेखित कार्यालयका लागि तोकिएको परिमाण भन्दा कम अर्थात आंशिक परिमाण बुझाउने गरी बोलपत्र पेश गर्न पाईने छैन। आंशिक परिमाण बुझाउने गरी पेश भएको बोलपत्र अस्वीकृत गरिनेछ। सबै कार्यालयमा बुझाउने बोराको एकमुष्ट कबोल अंकको आधारमा बोलपत्र मूल्याङ्कन गरिने छ ।

३. बोरा बुझाउने समय :-

स्वीकृत बोलपत्रदाताले बोरा खरिद/विक्री सम्झौता भएको मिति देखि ४५ दिनभित्र सम्पूर्ण बोरा तोकिएको कार्यालयमा बुझाई सक्नु पर्नेछ छ ।

४. पेश गर्नु पर्ने कागजात :- बोलपत्रदाताले बोलपत्रसाथ निम्न कागजात पेश गर्नु पर्नेछ।

(क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको फोटोकपी, (नवीकरण भएको हुनुपर्ने)

(ख) स्थायी लेखा नम्बर (**PAN**) दर्ता प्रमाणपत्रको फोटोकपी, मूल्य अभिवृदि कर दर्ताको (VAT) फोटोकपी,

(ग) आ.व. २०८२/०८३ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र वा म्याद थप सम्बन्धि आवश्यक कागजात

(घ) बोरा खरीद कार्यमा भाग लिन अयोग्य नभएको, आफ्नो स्वार्थ नबाझिएको र बोरा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको र कालो सूचीमा नपरेको भनी बोलपत्रदाताले गरेको घोषणापत्र,

५. बोराको मूल्य :-

बोलपत्रदाताले मु.अ.कर समेत समावेश गरी बोराको मूल्य कबोल गर्नु पर्नेछ। बोरा बुझाउंदा लाग्ने ढुवानी, अनलोडिङ्ग, तौलाई चौकाई आदि खर्च विक्रेताले व्यहोर्नु पर्नेछ।

६. मूल्य स्पष्ट लेख्नु पर्ने :-

बोलपत्रदाताले बोलपत्र फाराममा बिना केरमेट स्पष्टसंग बुझिने गरी अंक र अक्षरमा बिक्री मूल्य (कबोल दर) उल्लेख गर्नु पर्नेछ। यदि अंक र अक्षरमा फरक मूल्य लेखिन गएको अवस्थामा अक्षरमा लेखिएको मूल्यलाई मान्यता दिइनेछ।

७. बोलपत्र पेश गर्ने विधि :- बोलपत्र पेश गर्दा बोलपत्र निवेदन फारममा आधिकारिक व्यक्तिले सही छाप गरी पेश गर्नु पर्नेछ। यसरी पेश गर्दा बोलपत्र राखेको खाम बाहिर " बोरा खरिद सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र" भन्ने उल्लेख गरी तोकिएका कागजात राखी खाम शिलबन्दी गर्नुपर्नेछ। कम्पनीले विक्री गरेको प्रमाणित बोलपत्र कागजात सेट मात्र मान्य हुन्छ। साथै सम्बन्धित व्यक्ति, फर्म संस्था वा कम्पनी आफैले खरिद गरेको बोलपत्र भरी पेश गर्नु पर्नेछ ।

८. बोलपत्र मान्य हुने अवधि :-

बोलपत्र मान्य हुने अवधि (**Validity Period**) बोलपत्र पेश गर्ने अन्तिम मिति अर्थात मिति २०८३।०७।११ गते देखि ९० दिन हुनेछ। बोलपत्र पेश गरी/खोली सकेपछि कुनै पनि बोलपत्रदाताले आफूले कवोल गरेको अंक फेरवदल गर्न दिएको निवेदन मान्य हुने छैन ।

९. बोलपत्र जमानत (**Tender Security**)

बोलपत्रदाताले बोलपत्रसाथ यस कम्पनीको नेपाल बैंक लिमिटेड धर्मपथ काठमाण्डौको चल्ती खाता नं. ००२००१००५०२४२४०००००१मा KHADYA BYABASTHA TATHA BYAPAR COMPANY LIMITED को नाममा जम्मा गरेको सक्कलै भौचर वा नेपालको "क" वर्गको कुनै वाणिज्य बैंकबाट कम्पनीका नाममा जारी भएको नियमानुसारको बैक जमानी पत्र पेश गर्नु पर्नेछ। बैक जमानी पत्रको अवधि बोलपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तीमा ४ महिना अर्थात १२० दिनको हुनु पर्नेछ ।

१०. कार्यसम्पादन जमानत (Performance Security)

बोलपत्र स्वीकृत भएको सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र खरिद/बिक्री संझौता गर्न बोराको सम्झौता गर्ने मूल्यले कुल परिमाणको हुने रकमको ५% यस कम्पनीको नेपाल बैंक लिमिटेड धर्मपथ काठमाण्डौको चल्ती खाता नं. ००२००१००५०२४२४००००१, KHADYA BYABASTHA TATHA BYAPAR COMPANY LIMITED मा जम्मा गरेको सक्कल भौचर वा "क" वर्गको कुनै वाणिज्य बैंकबाट यस कम्पनीको नाममा जारी भएको कम्तिमा ४ महिना अवधि **(Validity)** को नियमानुसार बैंक जमानीपत्र **(Performance Bond)** पेश गरी संझौता गर्नु पर्नेछ। यदि संझौता बमोजिम कम्पनीलाई बोरा नबुझाएमा संझौतामा उल्लेखित शर्त बमोजिम कार्यसम्पादन जमानत जफत गरिनेछ ।

११. कर व्यवस्था :-

कम्पनीलाई बिक्री गर्ने बोरा सम्बन्धी लाग्ने सम्पूर्ण कर बिक्रेता स्वंयले व्यहोर्नु पर्नेछ ।

१२. तौल र अवस्थाको निरीक्षण :-

बोराको अवस्था, तौल, आकार र क्षमता आदिको निरीक्षण बोरा बुझिलिने कार्यालयले गर्नेछ। अनुसूची - १ र २ बमोजिम नरहेको बोरा कम्पनीले बुझिलिने छैन।

१३. बोलपत्र स्वीकृति :-

बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीसंग सुरक्षित रहनेछ। स्वीकृत बोलपत्रदाताले कम्पनीले स्वीकृत गरे अनुसार परिमाणको खरिद/बिक्री सम्झौता गर्नु पर्नेछ। शर्त थप भै पेश भएका बोलपत्रहरु स्वतः रद्द गरिनेछन्। स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको जानकारी पाएको १५ दिन भित्र बोरा खरीद/बिक्री सम्झौता गरी सक्नु पर्नेछ।

१४. धरौटी जफत :-

(क) स्वीकृत बोलपत्रदाताले कम्पनीले तोकेको समयभित्र नियमानुसार बोरा खरीद/बिक्री सम्बन्धी सम्झौता गर्न नआएमा निजले बोलपत्रसाथ पेश गरेको धरौटी /जमानत रकम जफत गरिनेछ।

(ख) बिक्रेताले सम्झौता बमोजिम कम्पनीलाई बोरा नबुझाएमा सम्झौतामा उल्लेखित शर्त अनुसार कार्य सम्पादन जमानत **(Performance Bond)** रकम जफत गरिनेछ ।

१५. भुक्तानी :-

बिक्रेताले निम्न कागजातहरु संलग्न राखी भुक्तानी माग्न आएमा भुक्तानी माग गरेको १५ दिन भित्र बोरा बुझिलिने कार्यालयको सिफारिसमा प्रधान कार्यालयबाट भुक्तानी दिनु पर्ने कूल रकममा नियमानुसारको कर र रिटेन्सन मनि वापत ५% रकम कट्टा गरी बाँकी रकम भुक्तानी दिनेछ।

(क) बिक्रेताको बिक्री बिलको मूल प्रति ।

(ख) कम्पनीको माल प्राप्ति रिर्पोटको मूल प्रति ।

(ग) बोराको अवस्था, तौल, क्षमता, आकार, रङ्ग र मार्किङ्गको गुणस्तर निरीक्षण रिपोर्ट ।

रिटेन्सन मनि वापत कट्टी भएको रकम मध्ये ५०% रकम विक्रेताले सम्पूर्ण बोरा बुझाई सकेपछि विक्रेतावाट कट्टी गर्नु पर्ने कुनै रकम भएमा सो कटाई भुक्तानी दिइनेछ र बांकी ५०% रकम बिक्रेताले सम्वन्धित आन्तरिक राजस्व कार्यालयबाट कर चुक्ता प्रमाण कागजात पेश गरेपछि भुक्तानी दिइनेछ। कम्पनीले पेश्कीको रुपमा कुनै पनि भुक्तानी दिने छैन।

१६. आपतकालिन व्यवस्था :-

(क) युद्ध, बन्द, चक्काजाम, हडताल, तालाबन्दी, बिद्रोह, बाढी पहिरो, भूकम्प महामारी आदि काबु बाहिरका कारणले बिक्रेताले आंशिक वा पूर्ण रुपले सम्झौता बमोजिम बोरा बुझाउन नसकेको अवस्थामा कम्पनी र बिक्रेताको आपसी सहमतिको आधारमा गरिएको निर्णय दुवै पक्षको लागि मान्य हुनेछ।

(ख) काबु बाहिरको परिस्थिति परी वा विक्रेताको कुनै गल्ती वा लापरवाही नभई बोरा बुझाउन ढिला भएको हो भन्ने कम्पनीलाई लागेमा त्यस्तो अवस्था वा दुवै पक्षको आपसी सहमतिबाट म्याद थप गर्न सकिने छ।

१७. बोलपत्रदाताको योग्यता :-

बोलपत्रदाताले खरीद सम्झौता प्राप्त गर्न बोलपत्र सम्वन्धी कागजातमा उल्लेख गरे बमोजिम योग्यता पुरा गरेको हुनु पर्नेछ ।

१८. मुल्य उल्लेख गर्ने मुद्रा :-

बोलपत्रदाताले नेपाली रुपैयाँमा बोल अंक पेश गर्नु पर्नेछ ।

१९. बोलपत्र मूल्याङ्कन गर्ने आधार :-

सार्वजनिक खरिद ऐन २०६३ (दोस्रो संशोधन), सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) र यस कम्पनीको खरिद तथा आर्थिक प्रशासन विनियमावली २०७९ अनुसार बोलपत्र मूल्याङ्कन गरिनेछ।

२०. कारवाही :-

स्वार्थ बाझिने भएमा त्यस्ता बोलपत्र उपर कारवाही हुने छैन। जालसाजी वा भ्रष्टाचार गरेमा प्रचलित नेपाल कानुन बमोजिम कारवाही हुने छ।

२१. पुनरावलोकन वा निवेदन दिन सकिने :-

बोलपत्रदाताले, कम्पनीले बोलपत्र सम्बन्धी कारवाही गर्दा गरेको त्रुटी वा निर्णय विरुद्ध नियमानुसार पुनरावलोकनको लागि निवेदन दिन सक्ने छन् ।

२२. बोलपत्र सम्वन्धी शर्त :-

बोलपत्र सम्वन्धी शर्तहरु तथा मूल्याङ्कन प्रकृया बोलपत्र कागजातमा उल्लेखित भएजति सोही बमोजिम र अन्यको हकमा सार्वजनिक खरिद ऐन २०६३ (दोस्रो संशोधन), सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) र यस कम्पनीको खरिद तथा आर्थिक प्रशासन विनियमावली २०७९ तथा नेपालको प्रचलित कानून अनुसार हुने छन् ।

२३. पत्राचार वा सम्पर्क :-

कम्पनीसंग बोलपत्र सम्बन्धी सम्वाद वा पत्राचार गर्नु परेमा निम्न ठेगानामा गर्नु पर्नेछ।

**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, प्रधान कार्यालय, खरिद एकाई, भद्रकाली प्लाजा, काठमाडौं**
**फोन नं. ०१-५३६०८४४ (website:www.fmtc.org.np)**
**Email: procurement@fmtc.org.np**

# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

............... कार्यालय, ......................

र

श्री ............................

का

वीच सम्पन्न

प्लाष्टिक बोरा खरिद/बिक्री सम्बन्धि

## *सम्झौता पत्र*

*मिति :-*

*आ.व. २०८३/२०८४*

## प्लाष्टिक बोरा खरिद/विक्री सम्वन्धी सम्झौता पत्र :-

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड ...... कार्यालय, ............... (जसलाई यसपछि यो सम्झौता, पत्रमा "कम्पनी" भनी सम्वोधन गरिएको छ) र श्री ............................................................ (जसलाई यसपछि यो सम्झौता पत्रमा "विक्रेता" भनी सम्वोधन गरिएको छ) का वीच नयाँ प्लाष्टिक बोरा खरिद/विक्री सम्वन्धमा दुवै पक्षको सहमतिले देहायमा उल्लेखित शर्त अनुसार गर्ने गरी आज मिति २०८३। । गतेका दिन कम्पनीको प्रधान कार्यालय काठमाडौंमा बसी साक्षीहरुको रोहवरमा यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं/दियौं ।

१. <u>बोराको किसिम, परिमाण र समय तालिका</u> :-

१.१ कम्पनीले विक्रेतावाट विभिन्न साईजका ...........थान प्लाष्टिक बोरा खरिद गर्नेछ ।

१.२ बोराको सम्पूर्ण परिमाण बोरा विक्रेताले बुदां नं ३ मा उल्लेखित कम्पनीको कार्यालयहरुमा यो सम्झौता भएको मितिले ४५ दिनभित्र बुझाउनु पर्नेछ ।

२. <u>बोराको तौल, आकार र क्षमता</u> :-

२.१ अनुसूची - १ बमोजिम हुनेछ।

३. <u>बोराको मूल्य र बुझाउने कार्यालय</u>:-

३.१ कम्पनीले विक्रेतावाट खरीद गर्ने बोरा, स्वीकृत बोलपत्र बमोजिम तपशिलको बोराको तपशिलको कार्यालयहरुमा तपशिलको मूल्य **(Door Delivery Price)** कायम भएको हुंदा सोही मूल्यमा बोरा खरिद/विक्री गरिनेछ।

| क्र. सं. | बोरा बुझाउने कार्यालयको नाम | बोराको प्रकार (किसिम) | खरिद गरिने बोराको परिमाण थान | कुल जम्मा परिमाण १५८८०० थान बोराको लागि एकमुष्ट कबोल दर भ्याट सहित ने. रु. | |
|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा |
| १. | प्रादेशिक कार्यालय, जनकपुर | अरुवा सोना मन्सुली चामलको बोरा (२५ के.जी. भर्ति क्षमताको) | ३०,००० | | |
| | | सादा बोरा (२५ के.जी. भर्ति क्षमताको) | २५,०० | | |
| | | सादा बोरा (५० के.जी. भर्ति क्षमताको) | १०,००० | | |
| २. | प्रादेशिक कार्यालय, सुर्खेत | अरुवा मोटा (२५ के.जी. भर्ति क्षमताको) | ११,५०० | | |
| | | अरुवा सोना (२५ के.जी. भर्ति क्षमताको) | ७,७५० | | |
| | | अरुवा मध्यम (२५ के.जी. भर्ति क्षमताको) | ८,४०० | | |
| | | स्टिम जिरा (२५ के.जी. भर्ति क्षमताको) | ८,६५० | | |
| ३. | मुख्य शाखा कार्यालय राजापुर | अरुवा मोटा (२५ के.जी. भर्ति क्षमताको) | ६०,००० | | |
| | | अरुवा मध्यम (२५ के.जी. भर्ति क्षमताको) | ७,००० | | |
| | | सादा बोरा (२५ के.जी. भर्ति क्षमताको) | १३,००० | | |
| | | सादा बोरा (५० के.जी. भर्ति क्षमताको) | ८,००० | | |
| कुल जम्मा परिमाण थान | | | १५८८०० | | |

४. भुक्तानी :-

४.१ कम्पनीले पेश्कीको रुपमा कुनै पनि भुक्तानी दिने छैन ।

४.२ विक्रेताले आफूले बुझाएको परिमाण बोराको निम्न कागजातहरु संलग्न राखी भुक्तानी माग गर्नु पर्नेछ। यसरी भुक्तानी माग गरेको १५ (पन्ध्र) दिनभित्र कम्पनीले बोरा बुझ्ने कार्यालयबाट नियमानुसार कर कट्टी गरी भुक्तानी दिनु पर्ने कूल रकमको रिटेन्सन मनी वापत ५% रकम कट्टा गरी ९५% रकम भुक्तानी दिनेछ।

(क) विक्रेताको विक्री बिलको मूल प्रति,

(ख) कम्पनीको माल प्राप्ति रिपोर्टको मूल प्रति,

(ग) बोराको अवस्था, तौल, क्षमता र आकार, रङ्ग, मार्किङ्ग आदिको गुणस्तर निरिक्षण प्रतिवेदन।

४.३ कम्पनीको बोरा बुझी लिने कार्यालयले बोरा बुझी सकेपछि विक्रेतालाई अविलम्व माल प्राप्ति रिपोर्ट उपलव्ध गराउने छ।

४.४ कम्पनीले रिटेन्सन मनी वापत कट्टी गरेको रकम मध्ये ५०% रकम विक्रेताले सम्पूर्ण बोरा बुझाई सकेपछि विक्रेतावाट कट्टी गर्नु पर्ने कुनै रकम भएमा सो कटाई भुक्तानी दिनेछ र बाँकी ५०% रकम विक्रेताले सम्वन्धित आन्तरिक राजस्व कार्यालयवाट कर चुक्ता प्रमाण कागजात पेश गरेपछि भुक्तानी दिइनेछ।

५. कर व्यवस्था :-

५.१ कम्पनीलाई विक्री गर्ने बोरा सम्वन्धी लाग्ने सम्पूर्ण कर विक्रेताले व्यहोर्ने छ।

५.२ कम्पनीलाई बोरा विक्री गर्दा विक्रेताले कानून बमोजिम लाग्ने सवै कर भुक्तानी गर्नु पर्नेछ।

६. कार्य सम्पादन जमानत (**Performance Security**):-

६.१ विक्रेताले यो सम्झौताको कार्य सम्पादन जमानत (धरौटी) वापत मिति २०८३। । मा कम्पनीको नाममा दाखिला गरेको नगद रु. वा बैंकको जमानत पत्र नं.......................... बाट रु अक्षेरुपी को बैंक जमानत यस कम्पनीमा राखेको छ ।

६.२ विक्रेताले कम्पनीलाई यो सम्झौता बमोजिम बुझाउनु पर्ने सम्पूर्ण बोरा बुझाई सकेपछि कम्पनीले ३० दिनभित्र विक्रेताको धरौटी फुकुवा गर्नेछ ।

७. शर्त उल्लंघन, हर्जाना असुली र धरौटी जफत :-

७.१ विक्रेताले कम्पनीलाई यो सम्झौता भएको मितिले ४५ दिनभित्र सम्पूर्ण बोरा बुझाउनु पर्नेछ। नबुझाएमा देहाय बमोजिम हुनेछ ।

(क) यो सम्झौता भएको मितिले ४५ दिन पछि थप १ महिना अर्थात ३० दिनसम्म कम्पनीले प्रति थान बोराको प्रति दिन रु ०.५० (पचास पैसा)का दरले उक्त समयमा बुझेको जति परिमाणको हर्जाना असुल गरी बोरा बुझ्ने छ । तर, काबु वाहिरको परिस्थिति परी वा विक्रेताको कुनै गल्ती वा हेलचेक्राई नभई बोरा बुझाउन ढिला भएको हो भन्ने कम्पनीलाई लागेमा विना हर्जाना बोरा बुझ्न सक्नेछ ।

(ख) माथि बुँदा ७.१ (क) मा उल्लेखित अवधिमा पनि बुझाउन बाँकी सम्पूर्ण परिमाण बोरा नबुझाएमा बुझाउन बाँकी जति परिमाणको कम्पनीले अन्य श्रोतवाट खरिद गर्दा, यसै सम्झौता अनुसारको खरीद विक्री मूल्य भन्दा वढी/थप लाग्ने रकम विक्रेतावाट असुल उपर गरी हिसाव फर-फारक गर्नेछ ।

७.२ कम्पनीले विक्रेतावाट ७.१ अनुसार हर्जाना असुल गर्नुपर्ने भएमा विक्रेतालाई भुक्तानी गर्न बाँकी ५% रकम वा कार्य सम्पादन जमानत वापत राखेको नगद धरौटी/बैंक जमानीपत्र (**Performance Bond**) रकमवाट असुल गर्नेछ ।

८. आपतकालिन व्यवस्था :-

८.१ यदि विक्रेताले यो सम्झौता भएको मितिले ४५ दिनसम्म कूल बुझाउनु पर्ने परिमाणको बोरा नबुझाएमा कम्पनीले सम्झौता रद्द गरी विक्रेताले कार्य सम्पादन जमानत वापत राखेको नगद धरौटी/बैंक जमानीपत्र **(Performance Bond)** को सम्पूर्ण रकम जफत गरी हिसाब फरफारक गर्नसक्नेछ । यसरी धरौटी जफत गर्दा हर्जाना भने असुल गर्ने छैन ।

क) युद्ध, बन्द, चक्काजाम, हडताल, तालाबन्दी, बिद्रोह, बाढीपहिरो, भूकम्प, महामारी आदि काबु बाहिरका कारणले बिक्रेताले आंशिक वा पूर्णरुपले सम्झौता बमोजिम बोरा बुझाउन नसकेको अवस्थामा कम्पनी र बिक्रेताको आपसी सहमतिको आधारमा गरिएको निर्णय दुवै पक्षको लागि मान्य हुनेछ ।

ख) कावु बाहिरको परिस्थिति परी वा विक्रेताको कुनै गल्ती वा हेलचेक्राई नभई बोरा बुझाउन ढिला भएको हो भन्ने कम्पनीलाई लागेमा त्यस्तो अवस्थामा दुवै पक्षको आपसी सहमतिबाट म्याद थप गर्न सकिनेछ ।

९. <u>विविध</u> :-

९.१ यो सम्झौताका कुनै एक वा एक भन्दा वढी शर्त कार्यान्वयन सम्वन्धमा विवाद उत्पन्न भएमा दुवै पक्ष बसी आपसी सहमतिवाट विवादको टुङ्गो लगाइनेछ। यसरी विवादको टुङ्गो नलागेमा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधित) को विवाद समाधान सम्वन्धी व्यवस्थामा उल्लेखित प्रावधान अनुरुप टुंगो लगाइने छ ।

९.२ यो सम्झौताको कुनै एक वा एकभन्दा वढी शर्त संशोधन गर्न आवश्यक भएको भनी दुवै पक्ष सहमत भएमा दुवै पक्षको लिखित सहमतिवाट संशोधन गर्न सकिनेछ ।

९.३ यो सम्झौताको म्याद सम्झौता भएको मितिले ४ महिना अर्थात १२० दिनसम्म कायम रहनेछ।

९.४ यो सम्झौतामा उल्लेख नभएका अन्य कुराहरु प्रचलित नेपाल कानून बमोजिम हुनेछन्।

| <u>बोलपत्रदाताको तर्फवाट :-</u> | <u>कम्पनीको तर्फवाट :-</u> |
|---|---|
| फर्म, संस्था वा कम्पनीको नाम : | नाम : |
| प्रो. वा प्रतिनिधीको नाम : | दस्तखत : |
| दस्तखत : | |
| फोन/मोबाईल नं/ इमेल : | फोन/मोबाईल नं/ इमेल : |
| <u>साक्षी :</u> | <u>साक्षी :</u> |
| (१) नाम : | (१) नाम : |
| दस्तखत : | दस्तखत : |
| मोबाईल नं : | मोबाईल नं : |
| (२) नाम : | (२) नाम : |
| दस्तखत : | दस्तखत : |
| मोबाईल नं : | मोबाईल नं : |

ईति सम्वत् २०८३ साल ........................ महिना ........................ गते ........... रोज शुभम् ।

# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको

## प्लाष्टिक बोरा खरिद सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रकाशित मिति २०८३।०६।२०**

यस कम्पनीका तपशिलका कार्यालयहरुको लागि प्लाष्टिकको बोरा खरीद गर्नु पर्ने भएकोले स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर, (VAT) मा दर्ता भएका इच्छुक फर्म, संस्था वा कम्पनीबाट तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही रितपूर्वकको गोप्य शिलबन्दी बोलपत्र (Hardcopy Bidding) आव्हान गरिएको छ। कम्पनीले खरिद गर्ने बोराको किसिम, तौल, आकार, क्षमता, बुझाउनु पर्ने स्थान, परिमाण, धरौटी रकम, बोलपत्र दस्तुर, बोलपत्र खरिद गर्ने र खोल्ने मिति तपसिल बमोजिम रहेको छ।

**तपशिलः-**

| क्र. सं. | बोरा बुझाउने कार्यालयको नाम | बोराको प्रकार (किसिम) | खरिद गरिने बोराको परिमाण थान | धरौटी रकम (रु.) | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १. | प्रादेशिक कार्यालय, जनकपुर | अरुवा सोना मन्सुली चामलको बोरा (२५ के.जी. क्षमताको) | ३०,००० | | |
| | | सादा बोरा (२५ के.जी. क्षमताको) | २५,०० | | |
| | | सादा बोरा (५० के.जी. क्षमताको) | १०,००० | | |
| २. | प्रादेशिक कार्यालय, सुर्खेत | अरुवा मोटा (२५ के.जी. क्षमताको) | ११,५०० | | |
| | | अरुवा सोना (२५ के.जी. क्षमताको) | ७,७५० | | |
| | | अरुवा मध्यम (२५ के.जी. क्षमताको) | ८,४०० | १,३३,०००/- | ५,०००/- |
| | | स्टिम जिरा (२५ के.जी. क्षमताको) | ८,६५० | | |
| ३. | मुख्य शाखा कार्यालय राजापुर | अरुवा मोटा (२५ के.जी. क्षमताको) | ६०,००० | | |
| | | अरुवा मध्यम (२५ के.जी. क्षमताको) | ७,००० | | |
| | | सादा बोरा (२५ के.जी. क्षमताको) | १३,००० | | |
| | | सादा बोरा (५० के.जी. क्षमताको) | ८,००० | | |
| कुल जम्मा परिमाण (थान) | | | १,५८,८०० | १,३३,०००/- | ५,०००/- |

नोटः-

१. ईच्छुक बोलपत्रदाताले कम्पनीको प्रधान कार्यालय खरिद विभाग (खरिद एकाई) बाट र कम्पनीको वेभसाइट www.fmtc.org.np बाट समेत डाउनलोड गरी मिति २०८३/०७/१० गते कार्यालय समयभित्र फिर्ता नहुने गरी बोलपत्र दस्तुर वापत रु. ५०००/- दाखिला गरी बोलपत्र कागजात खरिद गरि सक्नु पर्नेछ । मिति २०८३/०७/१० कार्यालय समय पश्चात् बोलपत्र दस्तुर तिरी खरिद गरिएको बोलपत्र कागजात मान्य हुने छैन ।

२. बोलपत्रदाताले माथि उल्लेखित भए बमोजिमको बोलपत्र दस्तुर र बोलपत्र जमानत धरौटी रकम वापत रु. १,३३,०००।- यस कम्पनीको नेपाल बैंक लिमिटेड धर्मपथ काठमाण्डौको चल्ती खाता नं. ००२००१००५०२४२४००००01 मा KHADHYA BYABASTHA TATHA BYAPAR COMPANY LIMITED को नाममा तोकिएको समय भित्रै जम्मा गरेको सक्कलै भौचर वा "क" बर्गको वाणिज्य बैंकबाट खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको नाममा तोकिएको समय भित्रै जारी भएको नियमानुसारको बोलपत्र पेश गर्ने अन्तिम मिति देखि ४ महिना अर्थात् १२० दिन अवधिको बैंक जमानीपत्र पेश गर्नु पर्नेछ ।

३. २०८३/०७/११ गते १२:०० बजे भित्र खरिद विभाग (खरिद एकाई) प्रधान कार्यालय काठमाडौंमा बोलपत्र दर्ता गरिसक्नु पर्नेछ। सोही दिन २:०० बजे प्रधान कार्यालय काठमाडौंमा नियमानुसार बोलपत्र खोलिने छ ।

४. बोलपत्रदाताले बोलपत्र फारममा बोराको रकम कबुल गर्दा भ्याट सहित नियमानुसार लाग्ने कर, ढुवानी भाडा, लोड अनलोड आदि खर्च समावेश गरी सबै कार्यालय र किसिमका प्लाष्टिक बोराहरुको कुल परिमाण (१५८८०० थान) को एकमुष्ठ रुपमा कबोलदर उल्लेख गरि बोलपत्रको खाम बाहिर **"प्लाष्टिक बोरा खरिद सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र"** भन्ने उल्लेख गरी तोकिएका सबै कागजात बोलपत्रसाथ संलग्न राखी खाम शिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

५. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन माथि उल्लेखित समयमा उक्त कार्य हुनेछ।

६. प्राप्त बोलपत्रहरुको सार्वजनिक खरिद ऐन २०६३ (दोस्रो संशोधन), सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) बमोजिम मूल्याङ्कन गरि सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता छनौट गरिनेछ। साथै प्लाष्टिक बोराको कुल संख्याको एकमुष्ठ मूल्याङ्कन गरिनेछ।

७. स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको १५ दिन भित्र नियमानुसारको कार्य सम्पादन जमानत पेश गरी प्लाष्टिक बोरा खरीद/बिक्री सम्झौता गर्नु पर्ने छ।

८. माथि उल्लेखित परिमाण माथि उल्लेखित कार्यालयहरुमा संझौता भएको मिति देखि ४५ दिन भित्र बुझाई सक्नु पर्नेछ। कम्पनीको आवश्यकतालाई हेरी कार्यालयमा बुझाउन माथि तोकिएको परिमाणमा थपघट गर्न सकिनेछ ।

९. बोलपत्र मान्य हुने अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिदेखि ९० दिनको हुनेछ। बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा सुरक्षित रहनेछ।

१०. बोलपत्र सम्वन्धी शर्तहरु यो सूचना र बोलपत्र कागजातमा उल्लेखित भए जति सोही बमोजिम र अन्य सार्वजनिक खरिद ऐन २०६३ (दोस्रो संशोधन), सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) र यस कम्पनीको खरिद तथा आर्थिक प्रशासन विनियमावली २०७९ बमोजिम हुनेछ ।

११. बोलपत्रसाथ पेश गरिएका आवश्यक कागजात (फोटोकपी) को सक्कल प्रति यथाशिघ्र प्रधान कार्यालय, खरिद विभाग (खरिद एकाई) मा बुझाउनु पर्नेछ।

**खरिद एकाई, प्रधान कार्यालय, काठमाडौं, फोन नं ०१-४२५५८६५, website: www.fmtc.org.np**

अनुसूची -१
(बोराको स्पेसिफिकेशन)

## बोराहरुको स्विकृत गुणस्तर मापदण्ड

१)अरुवा मोटा चामल, अरुवा मध्यम चामल र अरुवा सोना मन्सुली चामल भर्तिको लागि २५ के.जि. क्षमताको बोराको **Specification**

साइज १९"–२७"

प्रति बोरा तौल: ६५ ग्रा. ±२ (वा सो भन्दा बढी)

(One side laminated Polypropylene (PP) with multi-color print and another side non laminated multi-color print)

२) स्टिम जिरा मसिनो चामलभर्तिको लागि २५के.जि. क्षमताको बोराको **Specification**

साइज १९"–२७"

प्रति बोरा तौल: ७० ग्रा. ±२ (वा सो भन्दा बढी)

(Both side laminated BOPP woven bag with both outer sides Multi-color Digital Print and Transparent on both adjacent sides)

३) कनिका भर्तिको लागि २५ के.जि. क्षमताको सादा बोराको **Specification**

साइज १९"–२८"

प्रति बोरा तौल: ६0 ग्रा. ±२ (वा सो भन्दा बढी)

(Polypropylene (PP) woven)

४) ब्रान भर्तिको लागि ५० के.जी. क्षमताको सादा बोराको**Specification**

साइज ४०±१"–२५±१"

प्रति बोरा तौल: १०० ग्रा. ±१० (वा सो भन्दा बढी)

(Polypropylene (PP) woven)

अनुसूची-२
(बोराको डिजाइन)




CS Scanned with CamScanner




CS Scanned with CamScanner




CS Scanned with CamScanner




CS Scanned with CamScanner

मिति ........................

श्री खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि.
.......................... कार्यालय,
..................................................... ।

<u>विषय :- घोषणापत्र पेश गरेको बारे ।</u>

उपरोक्त सम्बन्धमा आर्थिक वर्ष २०८३।०८४ को लागी प्लाष्टिक बोराहरु खरिद सम्बन्धी तहांको प्रधान कार्यालयको मिति २०८३।०६।२० को प्लाष्टिक बोरा खरिद सम्बन्धी गोप्य शिलवन्दी बोलपत्र आह्वानको सूचना अनुसार तहाँलाई माग अनुसारका बोरा बिक्री गर्न बोलपत्र पेश गरेको छु। बोरा/खरिद बिक्री सम्वन्धि कार्यमा यो फर्म/कम्पनी अयोग्य नभएको, आफ्नो स्वार्थ नबाझिएको र बोरा खरिद/बिक्री व्यवसाय सम्वन्धि कसुरमा आफूले सजाय नपाएको र कालो सूचीमा नपरेको भनी घोषणा गर्दछु ।

<u>भवदीय</u>

फर्म/कम्पनीको नाम :-

ठेगाना : ..............................

प्रोपाईटरको नाम :

दस्तखत :..................................

मिति :.......................................

फर्म/कम्पनीको छाप :

फोन/मोबाइल नं :.........................

इमेल :.......................................